आज मिति २०८१ जेष्ठ ३ गतेका दिन ९:०० बजे जिल्ला समन्वय समिति कपिलवस्तुको बैठक जिल्ला समन्वय समितिका प्रमुख श्री बाबुराम आचार्य ज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितीमा बसी देहाय बमोजिम छलफल तथा निर्णय गरीयो ।

**तपशिल**

| | | | |
|---|---|---|---|
| श्री बाबुराम आचार्य | प्रमुख | जिल्ला समन्वय समिति, कपिलवस्तु । | |
| श्री रमेश कुर्मी | उप प्रमुख | " | " |
| श्री रामु अहिर | सदस्य | " | " |
| श्री मनब्बर धुनिया | सदस्य | " | " |
| श्री सुमित्रा दमई | सदस्य | " | " |
| श्री सकुन्तला भण्डारी | सदस्य | " | " |
| श्री सुनिता चमार | सदस्य | " | " |
| श्री सन्ध्या पौडेल खाँन | सदस्य | " | " |
| श्री जनार्दन अधिकारी | जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समिति कपिलवस्तु । | | |

**आमन्त्रित**

| | | | |
|---|---|---|---|
| श्री भूमिराम पोखरेल | | | |
| श्री राजेश कुमार गुप्त | इन्जिनियर | जि.स.स. | कपिलवस्तु |
| श्री जटाशंकर पाण्डेय | लेखापाल | " " | " |
| श्री दवि किरण शर्मा | ना.सु. | " " | " |
| श्री जयराम चौधरी | स.इ. | " " | " |

**प्रस्तावहरु**

१. जिल्ला समन्वय अधिकारीको सम्मान, विदाई तथा स्वागत सम्बन्धमा ।

२. कार्यालय प्रमूखको आवास मर्मत, सम्भार तथा अत्यावश्यक सामान व्यवस्थापन सम्बन्धमा ।

३. समवेदना प्रकट गर्ने सम्बन्धमा ।

४. काम थप सम्बन्धमा ।

**निर्णय**

निर्णय नं. १ प्रस्ताव नं. १ मा छलफल गर्दा मिति २०८१/०१/१५ देखि अनिवार्य अवकास हुनु भएका जिल्ला समन्वय अधिकारी श्री भूमिराम पोखरेलको उच्च सम्मान प्रकट गर्दै सेवा निवृत जीवन सुखद रहोस् भन्ने शुभकामना व्यक्त गर्दै विदाई गरियो तथा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २१७० मिति २०८१/०१/२० को सरुवा पत्रानुसार जिल्ला समन्वय समितिको कार्यालय पाल्पाबाट जिल्ला समन्वय समितिको कार्यालय कपिलवस्तुमा सरुवा भई आउनु भएका जिल्ला समन्वय अधिकारी श्री जनार्दन अधिकारीलाई स्वागत गरियो ।

निर्णय नं. २ प्रस्ताव नं. २ मा छलफल गर्दा जिल्ला समन्वय समितिको कार्यालय कपिलवस्तुको कार्यालय प्रमूखको आवासलाई मर्मत, सम्भार गरि बस्न योग्य बनाउने र आवासको लागि आवश्यक पर्ने भाँडाकुडा, कार्पेट, ए.सी., ग्यास चुलो, फ्रिज, डवल वेड पलङ लगायत अन्य अत्यावश्यक सामान खरिद गर्ने निर्णय गरीयो ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ मा छलफल गर्दा यस कार्यालयमा कार्यरत ना.सु. श्री छवि किरण शर्माको हजुरआमा पदम कुमारी उपाध्यायको मिति २०८१/०१/२६ मा भएको असामहिक निधन प्रति हार्दिक श्रद्धान्जलि प्रकट गर्दै शोकाकुल परिवार प्रति गहिरो समवेदना प्रकट गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ प्रस्ताव नं. ४ मा छलफल गर्दा यस कार्यालयको ठेक्का नं. 01/DCC/KPL/080/081 को मिति २०८०/११/२९ को सम्झौता तथा सूचना अनुसार जि.स.स.को मर्मत सम्भार भइरहेकोमा सो कार्य उपर छलफल गर्दा कार्यालय प्रमूखको निवास भवन वरीपरी थप ढलान, इट्टा सोलिङ्ग, प्लास्टर, पनिङ्ग र झ्याल ढोका पेन्टिङ कार्य गर्नु पर्ने भएकोले सो कार्य गर्न उपरोक्त ठेक्काको ठेकेदार मार्फत गर्न लगाउने र सो कार्य वापत सम्झौता भन्दा बढी खर्च हुने भएमा मूल्याङकन गरी आवश्यक निर्णय गर्ने निर्णय गरियो ।